आ.व. २०८१/०८२

# वार्षिक प्रगति प्रतिवेदन

२०८१ फाल्गुन


सुदूरपश्चिम विश्वविद्यालय

विज्ञान तथा प्रविधि संकाय

## सामान्य विज्ञान केन्द्रीय विभाग

महेन्द्रनगर कंचनपुर

फोन नं. ०९९५२५७६३,

Website: www.science.fwu.edu.np


CamScanner

# सार्वजनिक सूचना/वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

**संयोजक**

विभागीय प्रमुख यज्ञ राज जोशी

**सदस्यहरु**

उप.प्रा. मदन सिंह बोहरा

उप.प्रा. कृष्ण प्रसाद पन्त

उप.प्रा. शैलेन्द्र चन्द

लेखा अधिकृत प्रेम बहादुर सिंह

ल्याव असिस्टेन्ट भुवन प्रसाद भट्ट

CamScanner

# विषय सूची


१. पृष्ठभूमी (Background) १

२.प्राज्ञिक /शैक्षिक प्रगति (Academic Progress) २

२.१ भर्ना प्रवृति विश्लेषण (Enrollment Trends) २

२.२ उर्तिण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis) ४

२.३ शैक्षिक कार्यक्रमहरु (Academic Programs) ६

२.४ शैक्षिणीक विधिहरु (Educational Pedagogy) ६

३. भौतिक प्रगति (Physical Progress) ६

३.१ पूर्वाधार विकास (Infrastructural Development) ६

३.२ शैक्षिक सहयोग र उपकरणहरु (Educational Aids and Equipments) ७

३.३ पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु (Books, Reference Materials) ७

३.४ फर्निचरहरु (Furniture) ७

४. वित्तीय प्रगति (Financial Progress) ८

४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources/ Income) ८

४.१.१ स्वआर्जित आय (Self Generated Income/ Resources) ८

४.१.२. सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources) ०९

४.२ खर्च विश्लेषण (Analysis of Expenditures) ०९

४.२.१ चालु खर्चहरु (Recurrent Expenses) ०९

४.२.२ पुजीगत खर्च (Capital Expenditure) ०९

४.३. गत वर्षको लेखापरिक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनिकरणका प्रयासहरु (Audit Observation, Recommendation and Steps Taken to Mitigate the Iuuses of Last Year) १०

५. सामाजिक प्रगति (Social Progress) १२

६. समस्या तथा चुनौतीहरु (Issues and Challenges) १३

७. प्राज्ञिक उत्कृष्टताका लागि संस्थागत क्षमता तथा निकाय विकास (Institutional Capacity and Faculty Development for Academic Excellecnce) १४

८. विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप (Student Welfare and Extra Activities) १६


CamScanner

## कार्यकारी साराशं (Excutatuve Summary)

राज्यका सबै क्षेत्रमा शिक्षाको सर्वाङ्गिण विकास हुनु पर्छ भन्ने सर्वमान्यताको सिद्धान्तका आधारमा नेपालमा पनि बहुविश्वविद्यालय अवधारणा अनुरुप २०६७ सालमा सुदूरपश्चिम प्रदेशको कंचनपुर जिल्लाको महेन्द्रनगरमा सुदूरपश्चिम विश्वविद्यालयको स्थापना भयो । विश्वविद्यालयको ऐन ३ (२) अनुसार त्रिभुवन विश्वविद्यालय आंगिक क्याम्पस सिद्धनाथ विज्ञान क्याम्पस र त्रि.वि. को सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस सिद्धनाथ बहुमुखी क्याम्पस परिसरमा विश्वविद्यालय स्थापना हुनुपर्ने प्रावधान भएतापनि विविध कारणले सिद्धनाथ विज्ञान क्याम्पस समायोजन हुननसकेको र सिद्धनाथ बहुमुखी क्याम्पस मात्र समायोजन भई विश्वविद्यालयले आफ्नो सम्पूर्ण शैक्षिक कार्यक्रमको सिद्धनाथ बहुमुखी क्याम्पसबाट थालनी गर्दै अहिले यस प्रदेशका ९ वटा जिल्लमा १५ वटा आंगिक र १ केन्द्रीय क्याम्पस गरि १६ वटा क्याम्पसबाट शैक्षिक कार्यक्रम संचालन गर्दै आएको छ । विश्वविद्यालयको प्रस्तावनामा नै विश्वविद्यालय बहुआयामिक प्रकृतिको हुने छ भन्ने आवधारण बमोजिम तत्कालिन सिद्धनाथ बहुमुखी क्याम्पसमा संचालन भइरहेका त्रि.वि.का व्यवस्थापन संकाय, शिक्षा संकाय, मानविकि संकायका विषयहरुलाई निरन्तरता दिदै थप विज्ञान तथा प्रविधिका विषयहरु संचालन गर्ने निर्णय गरियो ।

वि.स. २०६९ सालमा विज्ञान तथा प्रविधि विषयको पठन पाठन गर्ने उद्देश्यले विज्ञान तथा प्रविधि संकायमा डीन नियुक्त गरी विधिवत रुपमा यस संकाय अन्तर्गत वि.स. २०७० देखि B.Sc.CSIT र वि.स. २०७१ साल देखि B.Sc. General Science मा स्नातक तह सम्म भौतिकशास्त्र, गणित, रसायनशास्त्र, प्राणीशास्त्र वातावरण विज्ञान र सुक्ष्मजिव विज्ञान मा अध्ययन अध्यापन भईरहेको छ । वि.स. २०७३ मा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत संचालन भइरहेका B.Sc. CSIT, B.E. Civil Engineering र General Science हाल छुट्टाछुट्टै विभागको रुपमा संचालनमा रहेका छन् ।

वि.स. २०७१ देखि सामान्य विज्ञान विभागले विज्ञानका विभिन्न विधामा स्नातक तह सम्मको शिक्षा प्रदान गर्दै आएको ले हाल सम्म १४४ जना विद्यार्थीहले स्नातक तह उर्तिण गरिसकेका छन् भने २४८ जना विद्यार्थी अध्ययनरत छन् ।

यस सुदूरपश्चिम प्रदेशकै विज्ञान तथा प्रविधि क्षेत्रमा अति दक्ष अनुभवी शिक्षक कर्मचारी सिद्धनाथ विज्ञान क्याम्पसबाट समायोजन भई र केहि नया आवश्यक जनशक्ति थप समेत प्राध्यापक १ जना उप.प्राध्यापक १५ जना शिक्षण सहायक ३ जना जम्मा १९ जना शिक्षक कार्यरत छन भने कर्मचारी तर्फ ६ जना कार्यरत छन् । शैक्षिक सत्र २०७८/०७९ सम्म यस विभागमा विभिन्न विषयहरुमा जम्मा ९४ जना विद्यार्थीहरु भर्ना भएका थिए । शैक्षिक सत्र २०७९/०८० मा ३३ जना विद्यार्थी भर्ना भएका थिए । शैक्षिक सत्र २०८०/०८१ प्रथम सेमेष्टरमा ५५ जना भर्ना भएकोमा शैक्षिक सत्र २०७९/०८० मा ६६ जना विद्यार्थी भर्ना भएका थिए ।

प्रसाशनिक स्तरमा दुई वटा विभागहरु बाडिएका तर दुवैले भौतिक संरचना सयुक्त रुपमा उपयोग गर्दै आएकोले विभागसंग अपर्याप्त कक्षा कोठा, स्टाफ रुम, प्रयोगशाला हुदा हुदै पनि समग्रमा यस विभागबाट उत्पादित जनशक्ति राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सक्षम प्रतिस्पर्धि भएको प्रमाणित भएको देखिन्छ । हाल यस विभागलाई शैक्षिक कार्यक्रम र प्रयोगात्मक कार्यक्रम संचालनका लागि भौतिक संचरनाको टडकारो आवश्यकता देखिन्छ । विभागले ५ वटा कक्षाकोठा १ वटा पुस्तकालय १ वटा लेखा कक्ष जुन B.Sc. CSIT संग संयुक्त रुपमा संचालनमा छ भने त्यसैगरि विभाग संग भएको १ वटा बायोलोजी, १ वटा कम्प्युटर,१ वटा वातावरण, १ वटा भौतिकशास्त्र र १ वटा रसायनशास्त्रका ल्यावहरु छन् । यी ल्यावहरुमा कम्प्युटर बाहेक सबै CSIT र B.E. Civil ले पनि संयुक्त रुपमा प्रयोग गरिरहेको अवस्था छ । यस विभाग संग रहेको संयुक्त पुस्तकालयमा सामान्य विज्ञान र कम्प्युटर विज्ञानका ५०५४ थान पुस्तकहरु छन् । पुस्तकालयमा जम्मा १ वटा कोठा मात्र भएको हुनाले पुस्तकालय संचालनमा कठिनाई रहेको छ । पुस्तकालयमा अन्य अध्ययन कक्ष नरहेको हुदा विद्यार्थीहरुले क्याम्पस समयमा पुस्तकालयमा रहेका पुस्तकहरु पढ्ने अवस्था छैन । यस विभागमा १ कोठा विभागीय प्रमुख र १ कोठा बाट कर्मचारी प्रशासन संचालन गरिदै आएको छ । शिक्षक कर्मचारीहरुलाई स्टाफ रुमको पनि अभाव रहेको छ ।

सामान्य विज्ञान विभागको शुल्क आयलाई विश्लेषण गर्दा आ.व.२०७८/०७९ मा रु ८०८८४८५।– भएको थियो । यस मध्ये आम्दानीमा यस आर्थिक वर्षमा रु ७२०००००।– सम्मको आय CHI कार्यक्रम अन्तर्गत अनुदानको रुपमा प्राप्त गरेको छ । अन्य आम्दानीमा प्रदेश सरकार बाट रु ५०००००।– प्राप्त

केन्द्रीय क्याम्पस
सामान्य विज्ञान शैक्षिक विभाग
महेन्द्रनगर, कञ्चनपुर

CamScanner

भयो । यस विभागको खर्चको मुख्य क्षेत्र विभागका शिक्षक तथा कर्मचारीहरुको तलब तथा भत्ता हो । तलब शिर्षकमा आ.व.२०७८/०७९ मा रु १५०४१०३४।- र भत्ता मा रु ९०६७५०।- खर्च हुन गएको छ । यस भौतिक पूर्वाधार रगं रोगन, प्रयोगशाला, कक्षा कोठा मर्मत संभार तथा प्रगोगशाला सामाग्री, उपकरणमा आ.व.२०७८/०७९ रु १८४३९५३।- खर्च भएको छ । आ.व.२०८१/०८२ यस विभागको स्वआर्जित आय रु २७५७३१७।- आम्दानी भएको थियो । यस मध्ये आम्दानीमा रु १८७७३१७।- विद्यार्थीको शुल्क बाट प्राप्त भएको थियो अन्य आम्दानीमा विश्वविद्यालय अनुदान आयोग बाट EQUITY GRANTS अर्न्तगत रु ८८००००।- प्राप्त भयो । यस विभागको खर्चको मुख्य क्षेत्र विभागका शिक्षक तथा कर्मचारीहरुको तलब तथा भत्ता हो । तलब शिर्षकमा आ.व.२०८१/०८२ मा रु २२३८५०७।- र भत्ता मा रु ४४२५९४०.५५।- खर्च हुन गएको छ । यस भौतिक पूर्वाधार रगं रोगन, प्रयोगशाला, कक्षा कोठा मर्मत संभार तथा प्रगोगशाला सामाग्री, उपकरणमा रु १२०४४५५।- खर्च भएको छ ।

सामान्य विज्ञान विभागमा अध्ययनरत विद्यार्थीहरुको चौतर्फि विकासका लागि विश्वविद्यालयले निर्धारण गरेको शैक्षिक कार्यक्रम अनुसार विभिन्न विषयहरुको स्थलगत अवलोकन तथा अध्ययनका लागि विद्यार्थीहरुलाई भ्रमणको व्यवस्था गरेको छ । अतिरिक्त शैक्षिक क्रियाकलाप मार्फत स्थानीय तथा राष्ट्रिय स्तरमा विद्यार्थीहरुको सक्रिय सहभागिता र उपलब्धि भएको देखिन्छ । विश्वविद्यालयलाई जनता सम्म पुर्‍याउन र जनतालाई प्रत्यक्ष लाभ दिनका लागि यस विभागले CHI Project द्वारा स्वास्थ्य विभाग नेपाल सरकार संग सहकार्य गर्दै कैलाली र अछाम जिल्लाका सम्पूर्ण गाउपालिकामा स्वास्थ्यका कार्यक्रममा आर्थिक सहयोग गर्दै आएको छ । आ.व. २०७७/०७८ मा पनि सुदूरपश्मिका HIV AIDS बाट अति प्रभावित क्षेत्रहरुमा HIV AIDS का सम्बन्धमा अनुसन्धान गरि दातृनिकायलाई प्रतिवेदन बुझाइ सकेको छ ।

सुदूरपश्चिम प्रदेशलाई विज्ञान तथा प्रविधि क्षेत्रको व्यापक विकास तथा दक्ष जनशक्ति उत्पादन गर्नका लागि अनुभवि तथा दक्ष जनशक्तिको आवश्यकतालाई मध्यनजर गर्दै यस विभागमा कार्यरत प्राध्यापकहरुको दक्षतालाई अभिवृद्धि तथा शैक्षिक वृत्तिविकास र सवलताका लागि हाल ५ जना शिक्षक देश तथा विदेशी विश्वविद्यालयवाट विद्यावारधीमा अध्ययनरत छन् । यस विभागबाट विज्ञानको क्षेत्रमा विभिन्न विषयमा स्नातक तहमा भइरहेको अध्ययन अध्यापन कार्यहरुको निरन्तरताका साथै केहि थप

CamScanner

CamScanner

## १. पृष्ठभूमी (Background)

उच्च शिक्षाको अवसर सबै क्षेत्रका जनतालाई उपलब्ध गराई बहुविश्वविद्यालयको अवधारणा अनुरुप नेपाल सरकारको लगानीमा वि.स. २०६७ असार ३ गते सुदूरपश्चिम विश्वविद्यालयको स्थापना भएको हो । वि.स. २०६९ सालदेखि यस विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरु विश्वविद्यालय केन्द्रिय क्याम्पस तत्कालिन सिद्धनाथ बहुमुखी क्याम्पस महेन्द्रनगरबाट सुरु गरेर हाल सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाहरुमा १५ वटा आंगिक क्याम्पसबाट स्नातक र स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरु संचालनमा रहेका छन् ।

वि.सं. २०६९ सालमा स्थापना भएको विज्ञान तथा प्रविधि संकाय अन्तर्गत वि.स.२०७१ साल देखि सामान्य विज्ञान विभाग सुदूरपश्चिमको विशिष्ट पहिचान बोकेको राष्ट्रिय स्तरकै एक अग्रिणी सरकारी शैक्षिक संस्था हो । सबैका लागि शिक्षाको पहुच नभएको अवस्थामा यस विभागले विज्ञान तथा प्रविधि क्षेत्रमा सर्वसाधारणका लागि शिक्षाको दियो बालेको छ । यो विभाग स्थापना अघि त्रि.वि.वि.को सिद्धनाथ विज्ञान क्याम्पस कंचनपुरमा मात्रै विज्ञान क्षेत्रमा उच्च शिक्षा हासिल गर्नसक्ने मार्ग थियो । यहाँका अधिकरुपले सम्पन्न व्यक्ति राजधानी र भारतका विभिन्न स्थानमा गएर उच्च शिक्षा हासिल गर्नुपर्ने बाध्यता थियो ।

सुदूरपश्चिम विश्वविद्यालय तत्कालिन सिद्धनाथ विज्ञान र सिद्धनाथ बहुमुखी क्याम्पस परिसरमा स्थापना गर्ने निर्णय गरिएको थियो । त्रि.वि.को आंगिक सिद्धनाथ विज्ञान क्याम्पस विभिन्न कारणवश समायोजन हुन सकेन फलस्वरुप विज्ञानको पठन पाठन सिद्धनाथ बहुमुखी क्याम्पसको हाता भित्र संचालन गरियो । यो विभागको पठनपाठन विगतको विद्यार्थी छात्रावासमा रहेको भवनमा गर्ने व्यवस्था मिलाइयो । २०७९ मा विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका विषयहरु पठनपाठन गर्न ६ कोठे भवनको सिलन्यास गरियो । विभागको स्थापना भएपछि यसको विकासका लागि अनकौ चुनौतीहरु देखा परे र ती चुनौतीहरुको सामना गर्दै विभागीय प्रमुखले नेतृत्व समाल्दै आइरहेको छ ।

यसरी हाल विभागमा विज्ञान तर्फ भौतिकशास्त्र, रसायनशास्त्र, वातावरण विज्ञान, सुक्ष्मजीव विज्ञान, गणित, प्राणीशास्त्र अध्ययन अध्यापन भईरहेको छ । आगाकी शैक्षिक सत्र देखी Environment Science and Management (ESM) विषयमा स्नातकोत्तर तहमा कक्षा संचालन गर्ने योजना रहेको छ ।



CamScanner

## २.प्राज्ञिक /शैक्षिक प्रगति (Academic Progress)

यस विभागको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा विश्लेषण निम्नानुसार गरिएको छ ।


### २.१ भर्ना प्रवृति विश्लेषण (Enrollment Trends)

सामान्य विज्ञान विभागको कुल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा प्रत्येक शैक्षिक वर्षमा विद्यार्थी संख्यामा भिन्नता देखिन्छ । शैक्षिक वर्ष २०७८ सम्म जम्मा ९४ जना रहेकोमा २०७९ मा ३३ जना नया भर्ना भई जम्मा १२७ जना विद्यार्थीहरु यस विभागमा अध्ययनरत छन् भने २०८० मा ५५ जना विद्यार्थीहरु पहिलो सेमेष्टरमा भर्ना भई कुल १८२ जना विद्यार्थीहरु अध्ययनरत छन् । २०८१ सालमा पहिलो सेमेष्टरमा ६६ जना भर्ना भई कुल २४८ जना विद्यार्थीहरु हाल अध्ययनरत छन ।

Table No. 1 : Enrollment Trend Analysis

| Year | Level | Total no. of Students |
|---|---|---|
| 2078 | Bachelor | 94 |
| 2079 | Bachelor | 127 |
| 2080 | Bachelor | 182 |
| 2081 | Bachelor | 248 |

**Figure No. 1: Enrollment Trend Analysis**




शैक्षिक सत्र २०८० र २०८१ को नया विद्यार्थी भर्ना को तुलनात्मक अध्ययन गर्दा शैक्षिक सत्र २०८० भन्दा २०८१ मा विद्यार्थीहरुको संख्या २० प्रतिशतले बढेको देखिन्छ । २०८० मा पहिलो सेमेष्टरमा ५५

जना विद्यार्थीहरु भर्ना भएका थिए भने २०८१ मा ६६ जना विद्यार्थीहरु भर्ना भएका छन् । हाल २०८० को तुलनामा २० प्रतिशत ले वृद्धि भई ६६ जना विद्यार्थीहरुले भर्ना गरेका छन् ।


लैङ्गिक दृष्टिकोणले यस विभागमा भर्ना भएका छात्र छात्रा विद्यार्थीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Table No. 2 : Gender Wise Enrollment Trend Analysis

| Year | Level | Male | Female | Total no. of Studnets |
|---|---|---|---|---|
| 2078 | Bachelor | 68 | 26 | 94 |
| 2079 | Bachelor | 89 | 38 | 127 |
| 2080 | Bachelor | 122 | 60 | 182 |
| 2081 | Bachelor | 161 | 87 | 248 |

लैङ्गिक दृष्टिकोणले दृष्टिगत गर्दा शैक्षिक सत्र २०८० र २०८१ सम्मका छात्रहरुको संख्या छात्रा भन्दा झन्डै दोब्बर देखिएको छ । शैक्षिक सत्र २०८० मा जम्मा १८२ जना विद्यार्थीहरु मध्ये १२२ जना पुरुष र ६० जना महिला रहेका छन् भने २०८१ मा जम्मा २४८ जना विद्यार्थीहरु मध्ये १६१ जना पुरुष र ८७ जना महिला विद्यार्थीहरु रहेका छन् ।

**Figure No. 2 : Gender wise Enrollment of Student**





समावेशी प्रतिनिधित्वलाई दृष्टिगत गर्दा यस विभागमा भर्ना भएका छात्रा, आदिवासी जनजाती, दलित र मधेसी विद्यार्थीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**Table No. 3 : Enrollment Trend Analysis of the Last Two Years : 2080 to 2081**

| Year | Level | Female | EDJ | Dalit | Madeshi | Total Female and Educationally Disadvantage Students | Total Students | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 2078 | Bachelor | 26 | 4 | 4 | 0 | 34 | 94 | |
| 2079 | Bachelor | 38 | 5 | 5 | 0 | 48 | 127 | |
| 2080 | Bachelor | 60 | 3 | 4 | 0 | 67 | 182 | |
| 2081 | Bachelor | 86 | 2 | 1 | 0 | 89 | 248 | |

छात्रा, आदिवासी जनजाती र दलित विद्यार्थीहरुको विश्लेषण गर्दा शैक्षिक सत्र २०८० मा ६० जना छात्रा, ३ जना आदिवासी जनजाती र ४ जना दलित गरि जम्मा ६७ जना विद्यार्थीहरु अध्ययनरत रहेका थिए भने २०८१ मा ८६ जना छात्रा, २ जना आदिवासी जनजाती र १ जना दलित गरि जम्मा ८९ जना विद्यार्थीहरु अध्ययनरत थिए। साथै सबै शैक्षिक सत्रमा मधेसी विद्यार्थीको संख्या शुन्य रहेका छ।

**Figure No. 3 : Enrollment Trend Analysis**




## २.२ उर्तिण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)


शैक्षिक सत्र २०७५ देखि २०७८ सम्म यस विभागबाट स्नातक तहमा विभिन्न विषयमा विद्यार्थी उर्तिण संख्यालाई विश्लेषण गर्दा उर्तिण संख्या २०७५ देखि २०७७ सम्म बढ्दै गएको छ भने २०७८ मा यो

क्रम घटेको देखिन्छ । २०७५ मा जम्मा ८ जना, २०७६ मा ३५ जना, २०७७ मा ४४ जना र २०७८ मा १९ जना विद्यार्थीहरु उर्तिण भएका थिए साथै २०७९ मा १३ जना विद्यार्थीहरु उर्तिण भएका थिए । २०८० सालमा २५ जना उर्त्तिण भएका थिए ।

Table No. 4 : Year Wise Graduate Trend Analysis

| Year | Level | Total no. of Students |
|---|---|---|
| 2075 | Bachelor | 8 |
| 2076 | Bachelor | 35 |
| 2077 | Bachelor | 44 |
| 2078 | Bachelor | 19 |
| 2079 | Bachelor | 13 |
| 2080 | Bachelor | 25 |

**FigureNo 4: Graduate Trend of Students**




श्रोत : सु.प.वि., परिक्षा नियन्त्रण कार्यालय

## २.३ शैक्षिक कार्यक्रमहरु (Academic Programs)

यस विभागमा स्थापना काल देखि नै B. Sc Physical Group र B.Sc. Biological Group मा पठन पाठन भइरहको छ।

## २.४ शैक्षिणीक विधिहरु (Educational Pedagogy)

यस विभागमा सम्पुर्ण विषयहरु सेमेष्टर प्रणालीमा पठनपाठन भइरहेका छन् भने शैक्षिणीक विधिमा शिक्षक केन्द्रित, मल्टीमिडिया, प्रस्तुतिकरण र प्रयोगात्मक विधिहरु अवलम्बन गरिन्छ।

## ३. भौतिक प्रगति (Physical Progress)

यस विभागको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरण, फर्निचर र पाठ्यपुस्तकका आधारमा विश्लेषण गरिएको छ।

## ३.१ पुर्वाधार विकास (Infrastructural Development)

यस विभागको शिक्षण सिकाइ क्रियाकलापलाई सहजीकरण गर्न र वृद्धि गर्न यस विभागले आफ्ना भौतिक पूर्वाधारहरु थप्ने, निर्माण गर्ने तथा मर्मत गर्ने क्रमलाई जारी राखेको छ। तत्कालिन सिद्धनाथ बहुमुखी क्याम्पसको छात्रवासमा पठनपाठन भइरहेका यस विभागमा एउटा ६ कोठे नया भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ। विभागको भौतिक पूर्वाधारहरु जम्माजम्मी निम्नानुसार रहेको छ।

| | |
|---|---|
| भवनहरुले ओगटेको क्षेत्रफल | ३ (४८०० वर्ग फिट, ८०० वर्ग फिट, १८०० वर्ग फिट) |
| कक्षाकोठा संख्या | ५ |
| कक्षाकोठा नया | ६ |
| प्रयोगशाला संख्या | ५ |
| शौचालय | १ (छात्रा २, छात्र र स्टाफ ४) |
| खानेपानी फिल्टर मेसिन | २ |
| साइकल स्टेन्ड | १ |

## ३.२ शैक्षिक सहयोग र उपकरणहरु (Educational Aids and Equipments)

विद्यार्थीहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्न र निर्वाध रुपमा संचालन गर्न निम्नानुसारका शैक्षिक सहयोग सामग्रीहरु रहेका छन् ।

| | |
|---|---|
| कम्प्युटर डेस्कटप | १३ थान |
| ल्यापटप | ७ थान |
| फोटोकपी मेसिन | १ थान |
| प्रिन्टर मेसिन | ५ थान |
| मल्टीमिडिया प्रोजेक्टर | ५ थान |
| इन्टरनेट | १ लाइन 100Mbps(SME Package) |
| इन्टरनेट जडित कम्प्युटर | १२ थान |
| क्यामेरा | १ थान |
| सि.सि.टि.भि क्यामेरा | २३ थान |
| इन्भर्टर | १ थान |
| इन्भर्टर ब्याट्री | २ थान |
| जेनरेटर | १ थान |
| पंखा | ४२ थान |
| कुलर | १ थान |
| फाइलिङ क्याविनेट | १ थान |
| AC | २ थान |
| उपस्थिती रेकर्ड मेसिन | १ थान |

## ३.३ पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरु (Books, Reference Materials)

यस विभागमा ५०५४ पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु रहेका छन् । यस पुस्तकालयलाई सामान्य विज्ञान विभाग तथा CSIT विभाग दुवैले संयुक्त रुपमा प्रयोग गर्दै आइरहेका छन् । साथै केन्द्रिय पुस्तकालय भन्दा अलग्गै दुवै विभागका लागि यो पुस्तकालय प्रयोगमा रहेको छ ।

## ३.४ फर्निचरहरु (Furniture)

यस विभागमा निम्नानुसारका फर्निचरहरु रहेका छन् ।

| | |
|---|---|
| बेन्च | ८० थान |
| कुर्सिहरु | ८ थान |
| दराज | १० थान |
| बुक सेल | २० थान |
| टेबलहरु | १२ थान |
| सेतोपाटी | १० थान |
| प्लाष्टिक कुर्सिहरु | १० थान |

## ४. वित्तीय प्रगति (Financial Progress)

यस विभागको वित्तीय प्रगति लाई स्वआर्जित तथा सरकारी अनुदानबाट प्राप्त आम्दानी र चालू एवम् पूजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ।

### ४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources/ Income)

यस विभागको वित्तीय स्रोत अन्तर्गत विद्यार्थी बाट संकलन गरिएको शुल्क र अन्य आम्दानीका स्रोतहरु र्पदछन् यसलाई तल प्रस्तुत गरिएको छ।

#### ४.१.१ स्वआर्जित आय (Self Generated Income/ Resources)

यस विभागको स्वआर्जित आयको मूख्य स्रोत भनेको विद्यार्थीबाट संकलन गरेको शुल्क हो। दोस्रो स्रोतमा अन्य आम्दानीका स्रोतहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| Financial year | Student Fee | Others | Total | % of Student Fee |
|---|---|---|---|---|
| 2081/082 | 1863217.00 | 894100.00 | 2757317.00 | 67.57 |

आ.व. २०८१/०८२ मा विद्यार्थीबाट प्राप्त शुल्क रु १८६३२१७०० रहेको छ, जुन कुल आन्तरिक आयको ६५.५७ प्रतिशत रहेको छ भने विद्यार्थीबाट प्राप्त आय बाहेकको अन्य आय ३३.४३ प्रतिशत रहेको छ। अन्य आन्तरिक आयमा रु ८,८०,०००.०० विश्वविद्यालय अनुदान आयोग बाट र रु १४१००.०० प्रवेस परिक्षा बापत प्राप्त भएको छ।

### ४.१.२. सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources)

यस विभागलाई सरकारी स्रोतबाट प्राप्त हुने आम्दानीको मुख्य स्रोत भनेको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान नै हो । सोको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| Financial Year | UGC | Other Grant | Other Gov. Grant | Total Grant | Self Generated Income | Total Revenue | % of Grant |
|---|---|---|---|---|---|---|---|
| 2081/082 | 2,30,62,535.00 | 894100.00 | | 2,39,56,635.00 | 1863217.00 | 2,58,19,852.00 | 92.78 |

आ.व २०८१/०८२ को कुल आयमा अनुदानको अनुपात ९२.७८ प्रतिशत रहेको छ भने विद्यार्थीबाट प्राप्त आम्दानी ७.२२ प्रतिशत रहेको छ ।

## ४.२ खर्च विश्लेषण (Analysis of Expenditures)

यस विभागको खर्चलाई चालु खर्च र पुजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ चालु खर्चहरु (Recurrent Expenses)

यस विभागको चालु खर्चलाई तलब शिर्षकमा गरिएको खर्च र अन्य कार्यालय संचालन खर्च गरी तलको तालिकामा प्रस्तुत गरिए अनुसार दुई भागमा वर्गीकरण गरिएको छ ।

| Financial Year | Salary | Other Recurring Expenses | Total Recurring Expenses | % of Salary |
|---|---|---|---|---|
| 2081/082 | 2,23,85,071.00 | 44,25,940.55 | 2,68,11,011.55 | 83.49 |

कुल चालु खर्चको अनुपातमा तलबमा हुने खर्च ८३.४९ प्रतिशत रहेको छ भने अन्य चालु खर्चको अनुपात १६.५१ प्रतिशत रहेको छ ।

### ४.२.२ पुजीगत खर्च (Capital Expenditure)

यस विभागको पुजीगत खर्चलाई मुख्य पूर्वाधार विकास, उपकरणहरु खरिद, पुस्तक खरिद र कार्यक्रम विस्तार शिर्षकहरुमा विभाजन गरिएको छ ।

| Financial Year | Major Infrastructure Development | Equipment | Book | Program Expansion | Total |
|---|---|---|---|---|---|
| 2081/082 | 2,04,417.00 | 9,90,538.00 | 30,279.00 | 9500.00 | 12,04,455.00 |



CamScanner

आ.व. २०८१/०८२ मा शैक्षिक वैज्ञानिक उपकरणमा रु ९,९०,५३८.०० पुजीगत खर्चको रुपमा रहेको छ भने अन्य खर्चहरुमा पाठ्यपुस्तकमा ९५००.०० रहेको अवस्था छ।

## ४.३. गत वर्षको लेखापरिक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनिकरणका प्रयासहरु (Audit Observation, Recommendation and Steps Taken to Mitigate the Iuuses of Last Year)

यस विभागले तयार गरेका वित्तिय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त (General Accepted Accounting Principle) तथा प्रचलित कानुन बमोजिम तयार गरे नगरेको सम्बन्धमा नेपाल लेखापरिक्षणमान (Nepal Standard on Auditing) बमोजिम लेखा परिक्षण गरि सो विवरणले विभागको आय व्ययको सहि तथा यथार्त अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा लेखा परिक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु र समस्याहरु न्यूनिकरणका लागि गरिएका प्रयासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | लेखापरिक्षण अवलोकन | सुझावहरु | न्यूनिकरणका प्रयासहरु |
|---|---|---|---|
| १. | विश्वविद्यालयको मुल कोषमा १० प्रतिशत आय जम्मा नभएको | सु.प.वि. ऐन र नियमावली अनुरुप आयको १० प्रतिशत रकम सु.प.वि. केन्द्रिय कोषमा जम्मा गर्नु पर्ने सुझाव दिइन्छ। | कार्यकारी र रजिष्ट्रार कार्यालय संग छलफल गरिएको छ। |
| २. | शिर्षकगत लेखाङ्कन नभएको पाइयो | शिर्षकगत आय लेखाङ्कनमा ध्यान दिनु पर्ने देखिन्छ। | शिर्षकगत लेखाङ्कनमा एकरुपता ल्याउनका लागि लेखामान (Accounting Standard) बनाउने कार्य प्रारम्भ भएको |
| ३. | खरिद गुरुयोजना नबनाएको पाइयो | खरिद गुरुयोजना बनाउन सुझाव दिइन्छ | स–सानो परिमाणको खरिद रहेतापनि खरिद योजना बनाउने काम सुरुवात गरिएको छ। |
| ४. | उपयुक्त तालिमको व्यवस्था बारे | लेखा, जिन्सी र प्रशासनिक | तालिमका लागि |

| | | | |
|---|---|---|---|
| | | कार्यको प्रभावकारीता वृद्धिका लागि तालिम संचालन गर्न सुझाव दिइन्छ । | बजेटमै व्यवस्था गरिएको छ । |
| ५. | समान र सामग्रीको बिमा नगरेको पाइयो | विश्वविद्यालयको समान र सम्पत्तिको आवश्यकता अनुसार बिमा गराउन सुझाव दिइन्छ | बिमा गराउने कार्य छलफलको कममा रहेको |

## ५. सामाजिक प्रगति (Social Progress)

सामान्य विज्ञान विभाग विज्ञान तथा प्रविधि क्षेत्रमा एक अग्रिण संस्था रहेको हुनाले यस संस्था विज्ञान तथा प्रविधि क्षेत्रमा समुदाय संग जोडिन अपरिहार्य देखिन्छ । यस विभागको सामाजिक संलग्नता अभिविद्धिका लागि निम्न गतिविधि गरिदै आएका छन् ।

- विश्वविद्यालय तथा विभागलाई समाज संग जोड्न तथा प्रत्यक्ष रुपमा समाजलाई फाइदा पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रमका माध्यमबाट संघ संस्था संग सहकार्य तथा सम्वनयतात्मक कार्यहरु गर्दै आएको छ ।
- विभागको शैक्षिक तथा भौतिक पूर्वाधारको विकासका लागि स्थानिय निकाय, प्रदेश सरकार, संघिय सरकार तथा विश्वविद्यालय अनुदान आयोग लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु संग सहकार्य गर्दै आएको छ ।
- विज्ञान तथा प्रविधि क्षेत्रमा देशमै आवश्यक शैक्षिक जनशक्ति उत्पादन गरि विभिन्न प्रतियोगिता मार्फत सफल विद्यार्थीहरुले संस्था र विभागको सामाजिक संजाल जोडन काम गरिरहेका छन् ।
- माइक्रोबाइलोजी तथा वातावरण विज्ञानका शिक्षक तथा विद्यार्थीहरु समाजलाई प्रत्यक्ष लाभ हुने प्रकारका अनुसन्धान तथा सामाजिक सेवा गर्दै आएका छन् ।
- समाजका मानिसहरु संग हुने दैनिक जिवन संग जोडिएका माटो, पानी, खानेकुरा, वातावरण प्रदूषण, प्रकृतिक प्रकोप, दिगो विकास जस्ता आवश्यक वस्तुहरु परिक्षण, अनुसन्धान गरी यसका कार्यशाला गोष्ठी मार्फत समुदायको जनचेतनामा अभिवृद्धि गर्ने कार्यहरु संचालन गर्दै आएका छन् ।
- विदेशी दातृ संघ संस्थाको आर्थिक सहयोगमा सुदूर पश्चिमका सबै जिल्लाहरुमा यस विभागका प्राध्यापकहरुले HIV AIDS, TB जस्ता प्राणघातक रोगहरुमा समुदाय स्तरमा समुदायलाई नै परिचालन गरी यस्ता रोगहरुको न्यूनिकरण गर्ने कार्य गर्दै आएका छन् ।
- नेपाल सरकार स्वास्थ्य विभाग संग सहभागी भई विदेशी दातृ संस्थाबाट उपलब्ध आर्थिक सहयोगलाई कैलाली र अछाम जिल्लामा परिवार नियोजनको अस्थाई साधन Sayana Press को विस्तारमा विभागले आर्थिक र प्राविधिक सहयोग गर्दै आएको छ ।

आगामि वर्षहरुमा सामाजिक सम्बन्धलाई अझै विस्तार गर्न तपसिल बमोजिमका कियाकलापहरु गर्ने विभागको योजना रहेको छ।

- विभागमा समुदाय संग्लनता बढाउनका लागि सामाजिक संग्लनताका क्षेत्रहरु पहिचान गरी साझेदारीमा वृद्धि गर्न सम्भाव्यता अध्ययन गरिनेछ।
- सामाजिक गतिविधिमा सहयोग पुग्ने गरी संचालन गर्ने
- शिक्षक कर्मचारी र विद्यार्थीहरुलाई सामाजिक कार्यमा सहभागी हुनका लागि प्रोत्साहित गर्ने।
- सामाजलाई विज्ञान तथा प्रविधिको प्रत्यक्ष लाभ पुऱ्याउने गतिविधिहरु गर्ने

## ६. समस्या तथा चुनौतीहरु (Issues and Challenges)

समान्य विज्ञान विभागले आफ्ना कार्यक्रम मार्फत विज्ञान तथा प्रविधिको क्षेत्रमा उतकृष्टजनशक्ति निर्माण गरी शैक्षिक तथा अन्य प्रविधिमा उत्पादित जनशक्ति राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको प्रतिस्पर्धामा सफल भई देश विकासमा टेवा पुऱ्याउदै आएको छ। स्थापना भएको १० वर्षको छोटो समयमा विभिन्न अभाव र समस्यालाई झेल्दै विज्ञान तथा प्रविधिमा अग्रणी संस्थाको रुपमा स्थापित भएको छ। यस विभागलाई अझै सवल, सुदृढ र निर्धारित लक्ष्य प्राप्तिका लागि केहि विद्यमान चुनौतीहरु छन्।

विश्वविद्यालयको केन्द्रिय क्याम्पसमा विज्ञान विभाग तत्कालिन सिद्धनाथ बहुमुखी क्याम्पसको छात्रवासको भौतिक संरचना भित्र स्थापित भएको थियो। पठन पाठनको एक दशक सम्म पनि विश्वविद्यालयको नजरअन्दाजका कारण भौतिक पूर्वाधारको अभाव विभागको सबै भन्दा चुनौतीको रुपमा यथावत छ।

विभागको स्थापना कालमा इन्जिनियरिङ्ग, B.Sc. CSIT र B.Sc. General Science गरी ३–३ विद्यामा पठन पाठन संचालित थिए अहिले इन्जिनियरिङ्ग आफ्नो सुविधा युक्त भवनमा संचालन भइरहेको छ भने B.Sc. CSIT र B.Sc. General Science छुट्टा छुट्टै विभाग भएपनि एउटै भवनमा संचालित भइरहेको छ।

कक्षाकोठाको अभाव, प्रयोगशालाका लागि भवनको अभाव लाइब्रेरी, प्रशासन भवनको अभाव टडकारो रुपमा देखिएको छ। दक्ष शैक्षिक जनशक्ति यस विभागको सबल पक्ष हो भने यस विभागलाई आवश्यक शैक्षिक भवन र प्रयोगशाला भवन महान चुनौतिको रुपमा रहेका छन्।



CamScanner

- भौतिक पूर्वाधारको अपर्याप्तता र विश्वविद्यालयको विभाग प्रतिको दृष्टिकोणले गर्दा विद्यार्थी भर्ना मा खासै प्रगति देखिदैन ।
- समय सापेक्ष शिक्षालाई परिमार्जन गर्न नसक्नु, आवश्यक थप जनशक्ति पूर्ति गर्न नसक्नु अर्को चुनौतीको रुपमा रहेको छ ।
- विश्वविद्यालयका मापदण्ड बमोजिम तहगत शिक्षक कर्मचारी व्यवस्था नमिलाउन सक्नु पनि आफैमा चुनौती रहेको छ ।
- यस विभागमा विद्यार्थीहरुको स्वअध्ययनका लागि लाइब्रेरीमा इ–लाइब्रेरी अध्ययन कक्ष, सेमीनार कक्ष स्टाफ कक्ष, स्वच्छ, खानेपानी तथा शौचालयको व्यवस्था गर्न नसक्नु विभागकै लागि दुर्भाग्य रहेको छ ।
- प्रयोगशाला सामाग्री खरिद व्यवस्थापन गर्नको लागि अपर्याप्त बजेटले विद्यार्थीको शैक्षिक उपलब्धिमा असर पारेको देखिन्छ ।

माथिका समस्या समाधानका लागि विश्वविद्यालय साचिक्कै विज्ञान तथा प्रविधि संकायलाई सबल बनाउने लक्ष्य लिने हो भने तुरुन्तै एउटा प्रयोगशालाको व्यवस्था सहितको पर्याप्त भवन निर्माण गर्नु पर्ने देखिन्छ । विज्ञान विषयमा अरु विषयहरु भन्दा प्रयोगात्मक कक्षा बढी हुने र प्रयोगका माध्यमबाट सिकाई प्रभावकारी हुने हुदा विभागले प्रस्ताव गरेको बजेट उपलब्ध गराउन आवश्यक देखिन्छ । समय अनुकुल, खाने पानी, लाइब्रेबरी सफा रुप, सेमिनार हलको व्यवस्था गर्नु पर्ने देखिन्छ । विश्वविद्यालयको प्राज्ञिक मापदण्ड परिपूर्तिका लागि बढुवा तथा सबै तहगत शिक्षक कर्मचारीको व्यवस्थापन गर्नु पर्छ ।

## ७. प्राज्ञिक उत्कृष्टताका लागि संस्थागत क्षमता तथा निकाय विकास (Institunal Capacity and Faculty Development for Academic Excellecnce)

- विभागमा कार्यरत शिक्षकहरुलाई सम्बन्धित विषयको शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरुलाई अनुससन्धान कार्यहरुमा सहभागि गराइनेछ ।
- विभागमा रहेका सबै समिति तथा उपसमितिको कार्ययोजना तथा कार्यक्रमलाई चुस्त र दुरुस्त गर्नका लागि समय समयमा छलफल तथा अनुगमन गरिनेछ ।
- विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय डीन कार्यालय मार्फत प्राप्त अनुसन्धानात्मक कार्यक्रमहरु संचालन गरी शिक्षकलाई सहभागी गराई शिक्षकहरुको स्तरोउन्नतीलाई निरन्तरता



CamScanner

दिइने छ। शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्नका लागि पठन पाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार शिक्षक कर्मचारीहरुलाई M. Phil, PhD र अन्य शैक्षिक उपलब्धीका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

- विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत र गुणात्मक शैक्षिक उपलब्धीका लागि समयसिमा भित्र पठन पाठन सम्पन्न गर्नका लगाउने र थप कक्षाहरुको आवश्यकता भएमा त्यसको व्यवस्था मिलाउने छ।
- शैक्षिक गुणस्तर सुधारका लागि पाठयक्रममा निर्देशित र विश्वविद्यालयको शैक्षिक क्यालेन्डर बमोजिम शैक्षिक कार्यक्रम जस्तै पठन पाठन, प्रयोगात्मक परीक्षा, आन्तरिक मूल्याङ्कन समय भित्र प्रभावकारी ढगंले सम्पन्न गर्ने र यसमा देखिएका कमीकमजोरीहरुलाई सुधार गरिने छ।
- शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक परेमा अतिथि प्राध्यापकको व्यवस्था गरिनेछ।
- शिक्षक तथा कर्मचारीहरुको कार्यको आवश्यक मूल्याङ्कन गरी पुरस्कार तथा दण्डको लागि सम्वन्धित निकायमा सिफारिस गरिनेछ।
- समय समयमा विद्यार्थीहरु संग शैक्षिक उपलब्धी र सिकाई सम्बन्धी छलफल गरी पठन पाठन कार्यक्रममा शिक्षक तथा कर्मचारीका बारेमा आवश्यक राय सुझावहरु बुझ्ने व्यवस्था गरिनेछ। अधिकतम विद्यार्थीहरुबाट कुनै सिकायत तथा गुनासो आएमा सम्वन्धित व्यक्तिलाई सजग, नसियत तथा सुधारका आवश्यक कारवाही को व्यवस्था गरिनेछ।
- शिक्षक, कर्मचारीह तथा विद्यार्थीहरुको हाजिरि कडाइका साथ व्यवस्थापन गरिनेछ।
- समय अनुकुल विज्ञान तथा प्रविधि क्षेत्रमा शिक्षाको मागलाई मध्यनजर गर्दै यस विभाग चालु आर्थिक वर्षमा भौतिकशास्त्र स्नातकोत्तर र Food Technology मा स्नातक तहका कार्यक्रम संचालनका लागि विश्वविद्यालय संग पहल गर्दै आएको छ र थप पहलकदमी चालिने छ।
- विभागको बाह्रय सम्वन्ध विस्तार गर्नका लागि स्वदेशी तथा विदेशी अनुसन्धान केन्द्र र विश्वविद्यालय संग सहकार्य गर्ने छ।
- पठन पाठन लाई अझ प्रभावकारी बनाउनका लागि पाठ्यक्रम तथा शिक्षण प्रविधिमा पुर्नताजगी गर्नका लागि कार्यशाला गोष्ठीको आयोजना गरिने छ।
- अनुसन्धान कार्यमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको अभिरुचि वृद्धि र दक्षताका लागि अनुसन्धान सम्वन्धि तालिमको व्यवस्था गरिनेछ।



केन्द्रीय क्याम्पस
... विज्ञान ... विभाग
... नगर ...

- शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको लेखन तथा प्रकाशन गर्ने सीप तथा क्षमता र अनुसन्धान कार्यको उपलब्धि र सीप ज्ञानलाई विस्तार गर्नका लागि विभागले वार्षिक जनरल प्रकाशनको व्यवस्था गरिने छ।

## ८. विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप (Student Welfare and Extra Activities)

विद्यार्थीहरुको शैक्षिक वृद्धि संगसगै चौतर्फी विकासका लागि यस विभागमा विश्वविद्यालयले व्यवस्था गरे बमोजिम विभिन्न समिति र उप समिति गठन मार्फत विद्यार्थीहरु संग समय समयमा छलफल तथा परामार्श गरी आवश्यता अनुसार कार्य गरि आएको र गर्दै गर्दै जानेछ।

मासिक रुपमा शिक्षक, कर्मचारी र विद्यार्थीहरु संग पठन पाठन प्रयोगात्मक कक्षा तथा अन्य शैक्षिक गतिविधि सम्बन्धि अर्न्तक्रिया कायकम संचालन गरिन्छ। शिक्षक, कर्मचारी र विद्यार्थीहरु बाट प्राप्त हुने सुझाव लागु गर्ने तथा उचित गुनासाहरुलाई समाधान गरिन्छ। विश्वविद्यालय बाट निर्धारित मापदण्ड अनुसार छात्रवृतिमा सहभागिहरुको समयमै छात्रवृत्रि विरतण गर्नका लागि छात्रवृति छनौट समिति मार्फत व्यवस्थित गरिएको छ।

विश्वविद्यालय भन्दा बाहिरका संस्था निकायहरु बाट प्राप्त गरिने छात्रवृत्ति सबै विद्यार्थीहरुको पहुचका लागि आवश्यक सूचनाको व्यवस्था गरिनेछ। यस विभागबाट स्नातक उर्तिण गरेका भूतपूर्व विद्यार्थीहरुलाई भूतपूर्व विद्यार्थी संगठन निर्माण गर्ने पहल गरिनेछ। संगठित विद्यार्थीहरुको संगठनलाई विभाग तथा विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि सक्रिय बनाउन पहल गरिने छ।

विज्ञान तथा प्रविधिको क्षेत्रहरुका रोजगारी एवः प्रतिस्पर्धात्मक परीक्षाहरुमा विद्यार्थीहरुलाई सहभागी तथा सफल बनाउन अभिमुखिकरण तथा परामर्श सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछन। विद्यार्थीहरुको प्रयोगात्मक शिप र दक्षता वृद्धि गर्न नियमित प्रयोगात्मक कक्षा संचालनमा छन्। संगसंगै थप अभिमुखिकरण तथा कार्यशाला गोष्ठि मार्फत प्रयोगात्मक कक्षाहरुको व्यवस्था गरिने छ।

प्रयोगात्मक कक्षाहरुलाई अझै प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले निर्धारित गरेको विषयवस्तुहरुमा थप अभ्यास र सीपलाई सुद्धढ गर्न विभाग भन्दा बाहिरका संघ संस्थामा अभ्यासको व्यवस्थालाई झन प्रभावकारी बनाइने छ।



CamScanner

विभाग तथा विद्यार्थीहरुको समुदाय संग सम्बन्ध विस्तार गर्ने कार्यमा सम्बन्धित समुदाय संग समन्वय गरी विद्यार्थीहरुलाई परिचालन गरिनेछ । विद्यार्थीहरुको चौतर्फि विकासका लागि खेलकुद आवश्यक रहेकोले संभव हुने किसिमका खेलकुद सामाग्री रहेको र यसको अझै विकास गरिने छ ।

स्थानिय, प्रादेशिक राष्ट्रिय स्तरका सबै प्रकारका खेलकुदमा विद्यार्थीहरुलाई सहभागी गराइनेछ । विद्यार्थीहरुको सिकाई र पठनपाठनलाई थप प्रभावकारी बनाउनका लागि पाठ्यक्रममा निर्दिष्ट बमोजिम विश्वविद्यालयले उपलब्ध बजेट र विभागमा व्यवस्था भए बमोजिम विद्यार्थीहरुलाई शैक्षिक भ्रमण शैक्षिक अवलोकन स्थलगत अध्ययनको व्यवस्था गरिने छ ।

- विभागमा इ–लाइब्रेरीको व्यवस्था गरि विद्यार्थीहरुलाई स्वअध्ययन गर्न प्रोत्साहन गरिने छ ।
- मौसम अनुसार शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।
- प्रयोगशालाको स्तरोउन्ति गरिने छ ।
- Molecular Biology प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- जिर्ण अवस्थामा रहेका शौचालयहरुलाई मर्मत गरिनेछ ।
- विभागमा स्तनपान कक्ष तथा चेन्जीङ कक्षको व्यवस्था गरिने छ ।